# सुन्दरबजार नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
सुन्दरबजार लमजुङ, गण्डकी प्रदेश, नेपाल

# SUNDARBAZAR MUNICIPALITY
## Office of the Municipal Executive
Sundarbazar, Lamjung, Gandaki Province, Nepal


मिति : २०८३/४/५

**इपिएस (EPS) मार्फत दक्षिण कोरियामा काम गरी नेपाल फर्किएका व्यक्तिहरुका लागि सूचना ।**

इपिएस मार्फत दक्षिण कोरियामा काम गरी नेपाल फर्किएका व्यक्तिहरुको उद्यमशिलता विकास तथा दिगो एकिकरण गर्नका लागि सञ्चालित Returnee Innovators for Nepal (RIN) Cohort III कार्यक्रमको लागि योग्यता पुगेका इच्छुक व्यक्तिहरुले मिति २०८३ श्रावण १३ गतेसम्म अनलाइन **(https://rinnepal.org/rin मार्फत)** आवेदन पेश गर्नुहुन सुचित गरिन्छ । यस कार्यक्रममा छनौट हुने उद्यमीहरुलाई निःशुल्क उद्यमशिलता बुटक्याम्प, मेन्टरसिप तथा सहुलियतपूर्ण कर्जाका लागि सिफारिस लगायतका प्राविधिक सहयोग उपलब्ध हुने प्रावधान समेत रहेको जानकारी गरिन्छ ।

**सहजीकरणका लागि सम्पर्क नं. :**
**रोजगार, सीप तथा उद्यमशिलता केन्द्र**
**रोजगार संयोजक (९७०२६०६४५१)**

८२/०४/०५

विवेक कुमार पण्डित
प्रशासकीय अधिकृत

RIN
Returnee Innovators for Nepal

K-HaMi
Happy Migration

# CALL FOR APPLICATIONS

## Returnee Innovators for Nepal [RIN] Cohort III

कोरिया अन्तर्राष्ट्रिय सहयोग एजेन्सी (KOICA) को आर्थिक सहयोगमा संचालित RIN कार्यक्रम, K-HaMi परियोजनाको एउटा भाग हो, जुन **कोरियाबाट रोजगारपछि फर्किएका व्यक्तिहरु (Returnee Migrants)** का लागि लक्षित छ। यसमा हाल वा विगतमा **रोजगार अनुमति प्रणाली (Employment Permit System - EPS)** अन्तर्गत Republic of Korea मा कार्यरत रहेका नेपाली नागरिकहरू सहभागी हुन सक्छन्। यस कार्यक्रमको मुख्य उद्देश्य उनीहरूको उद्यमशील क्षमता विकास गर्नुका साथै नेपाल फर्किएपछि आफ्नै व्यवसाय स्थापना गर्न र त्यसको वृद्धि तथा विस्तार गर्न आवश्यक सहयोग प्रदान गर्नु हो।

### परियोजनाले के प्रदान गर्छ?

- **निःशुल्क** उद्यमशीलता विकास बुटक्याम्प, व्यवसाय संवर्धन, परामर्शदातासंग छलफल कार्यक्रम र संजाल विस्तारमा भाग लिने अवसर
- व्यवसाय विज्ञहरू तथा मार्गदर्शक (मेन्टरहरू) को सहयोग र मार्गदर्शनमार्फत आफ्नो व्यवसायिक अवधारणालाई विकास गर्न र अझ सुदृढ बनाउन पाउने अवसर
- प्रमाण पत्र, नगद पुरस्कार र मिलन कोषको लागि अवसर
- KOICA K-HaMi Loan [ब्याजमा अनुदान] मार्फत सहज पहुँच

### कसले आवेदन दिन सक्छ?

**आवश्याकताहरु**

- EPS अन्तर्गत कोरियाबाट फर्केका व्यक्तिहरु
- ५ महिना कार्यक्रममा भाग लिने प्रतिबद्धता भएको ( in-person and virtual)

**प्रारम्भिक चरणका लागि आवेदन**

- व्यवसाय संचालन गर्ने योजना (सोच) भएको वा सञ्चालनमा आएको ३ वर्षभन्दा कम समय भएको

**वृद्धि चरणका लागि आवेदन**

- ३ वर्षभन्दा बढी समयदेखि सञ्चालनमा रहेको व्यवसायलाई विस्तार वा वृद्धि गर्न इच्छुक

### आवेदन भर्नुहोस्

यहाँ तपाईंको उपयुक्त चरण स्क्यान गर्नुहोस् र सहभागी हुन Google फारम भर्नुहोस्!

**प्रारम्भिक चरणका लागि आवेदन**

सहभागीहरूका अवधारणाहरूलाई व्यवहार्य व्यवसायिक मोडेलमा रूपान्तरण गर्न सहयोग पुर्‍याउने उद्देश्यले प्रारम्भिक (Start-up) बुट क्याम्प आयोजना गरिनेछ।

**वृद्धि चरणका लागि आवेदन**

व्यवसायहरूलाई विस्तार गर्न सहयोग पुर्‍याउने उद्देश्यले प्राविधिक परामर्श तथा सल्लाहकार सत्रहरू प्रदान गरिनेछ।

**आवेदन दिने अन्तिम मिति जुलाई २९, २०२६ (श्रावन १३, २०८३)**

### २०२६ तालिका

- **AUG 10-14** — Start-up Boot Camp (प्रारम्भिक चरणका लागि मात्र)
- **SEPT - NOV** — Incubation & Mentoring (दुवै प्रारम्भिक र वृद्धि चरणका लागि)
- **DEC** — RIN Showcase (दुवै प्रारम्भिक र वृद्धि चरणका लागि)

Funded by KOICA Implemented by YSC MG